# बर्दिया-बाढी प्रकोप २०७१

# गतिविधि २०७१/७/११

**<u>प्रस्तुतकर्ता</u>**

जिल्ला दैवी प्रकोप उद्धार समिति

बर्दिया


बर्दिया
नेपाल
गोला
पशुपतिनगर
शिवपुर
ठाकुरद्वारा
नेउलापुर
बर्दिया राष्ट्रिय निकुञ्ज
राजापुर न.पा.
मनाउ
सूर्यपट्वा
बगनाहा
खैरीचन्दनपुर
बनियाभार
ढोढरी
मगरागाडी
बेलवा
सानोश्री
पदनाहा
ताराताल
धधबार
डेउढाकला
बेलवा
मोतीपुर
गुलरिया नपा
सोरहवा
महम्मदपुर
कालिका
मैनापोखर
जमुनी

# बर्दिया बाढी प्रकोप- २०७१

## १.परिचयः

गत २०७१/०५/२८, २९ र ३० गते कर्णाली र बबई नदीको जलाधार क्षेत्रमा भएको भीषण बर्षा र कर्णाली, बबई, गेरुवा, भादा, मानखोला आदि नदीखोलामा आएको अकल्पनीय बाढीबाट बर्दियामा धेरै धनजन गुमेको छ भने  अरबौको भौतिक क्षति भएको छ । स्थापित प्रणाली अनुरुप बाढीको पूर्व सूचना श्रावण २९ गते देखिनै आमनागरिकसम्म पुर्याइएको, सुरक्षित ठाउँमा जाने प्रयत्न गरिएको भए पनि सुरक्षित ठानिएका स्थानहरु समेत सुरक्षित रहन सकेनन् । बेलवा गा.वि.स.को चेपाङ्गमा रहेको बबई नदीको जल सतह मापन केन्द्रमा मध्यरातमा क्षति पुगेपछि बाढीको अन्दाज हुन नसक्ने स्थिति सृजित भयो । कहिल्यै डुबानमा नपरेको सदरमुकाम क्षेत्र जलमग्न भई जिल्लाको अन्य भागसंग आवागमन अवरुद्ध हुन पुग्यो । सदरमुकामबाट तत्कालको उद्धार कार्य सहज हुन सकेन ।

बाढीको प्रकोप बढ्ना साथ उद्धार कार्यलाई तीव्र बनाइएको थियो । सोही दिन सुरक्षाकर्मी, राजनीतिकर्मी, संघसस्था, क्लवसंग सम्बद्ध व्यक्तिहरु, सर्वसाधारण समेतबाट जिल्लाका विभिन्न स्थानमा पीडितहरुको उद्धार भयो । हेलिकप्टरबाट पनि मानिसहरुलाई सुरक्षित ठाउँमा ल्याउने काम भयो । दुई दिनको उद्धार कार्यको साथ साथै सुख्खा खाना, पानी जस्ता अत्यावश्यक वस्तुहरु पीडितसम्म पुर्याउने प्रयत्न भयो । जिल्ला दैवी प्रकोप उद्धार समितिको तत्कालको निर्णयबाट हरेक आश्रय स्थल, नगरपालिका, गा.वि.स.हरुमा राहत वितरण गर्ने संयन्त्र बनाई क्रियाशील बनाइयो । आवागमन कठिनाई भएका बनियाँभार, पदनाहा गा.वि.स.मा हेलिकप्टरबाट राहत सामाग्री पुर्याउने कार्य भयो । यही सन्दर्भमा विभिन्न स्थानमा खाद्यान्न खरीद तथा दाताहरुबाट समेत प्राप्त गरी वितरण गर्ने कार्य भयो । जिल्ला दैवी प्रकोप उद्धार समिति, दातृ संस्था, दाताहरुबाट सहयोग जुटाउदै वितरण गर्ने कार्य संचालित रह्यो । प्रारम्भदेखि नै वेपत्ताहरुको खोजी, प्राप्त शवहरुको व्यवस्थापन, मृत जनावरहरुको व्यवस्थापन लगायतका कार्यहरु सुरक्षा निकाय समेतको सहभागितामा सम्पन्न गरिए ।

प्रारम्भिक तथ्याङ्क तयार भएपछि २०७१/०५/११ गतेबाट ५१,९४७ जनसंख्यालाई  WFP को सहयोगमा खाद्यान्न वितरण भयो भने २८८६० जनसंख्यालाई नेपाल सरकारको तर्फबाट खाद्यान्न खरीद गरी उपलव्ध गराउने  र केही स्थानमा खाद्यान्न वापत नगद वितरण गर्ने कार्य भयो । पछिल्लो समय छूट भएको तथ्याङ्क समेत संकलन गरियो । हाल पूर्ण प्रभावित जनसंख्या ९३,१८९ कायम हुन आएको छ । प्रारम्भ देखि नै स्वास्थ्य सेवा प्रदान गरिनुका साथै स्वास्थ्य शिविर संचालन, पानी शुद्धीकरणका लागि औषधी वितरण गर्ने कार्यहरु निरन्तर चलिरहेका छन् । Cluster हरुले  Response Plane तयार गरी स्रोत जुटाउने, कार्यान्वयन गर्ने प्रयत्न भइरहेको छ । विभिन्न दातृ निकाय, संघसंस्थाहरुको समेत सहयोगमा निरन्तरता रहेको छ । हाल नेपाल सरकारको तर्फबाट १० दिनको खाद्यान्न वापत ३५०/- र लत्ताकपडा वापत ५००/- गरी ८५०/- प्रतिव्यक्तिका दरले तथा पूर्ण घर क्षति परिवारलाई ५०००/- र आंशिक घर क्षति भएका परिवारलाई ३०००/- का दरले नगद उपलव्ध गराउने कार्य भै रहेको र मृतक/ वेपत्ताका परिवारलाई राहत रकम उपलव्ध गराउने कार्य समाप्त भै सकेको छ । यसै गरी विभिन्न निकायहरुको सहयोगमा गैरखाद्य बस्तु वितरणको कार्य पनि भइरहेको छ । बिग्रिएका केही संरचनाहरु निर्माण गर्ने कार्य भइरहेका छन् । तापनि यस क्षेत्रमा उल्लेख्य कार्य हुन सकिरहेको छैन । दशौ हजार किसानको  जनश्रम समेतबाट बबई नदीका पूर्वी र पश्चिमी नहरमा सीमित स्थानमा पानी संचालन हुन थालेको छ तर यसलाई पूर्ववत स्थानमा ल्याउन धेरै गर्नु बाँकी नै रहेको छ । मूलतः सडक निर्माण सम्बन्धमा प्रभावकारी कार्य हुन सकेको छैन भने

नीतिगत समस्याका कारण पूर्वाधार क्षेत्रमा स्थानीय निकायको स्रोत परिचालन हुन सकेको अवस्था छैन । धानबालीको रोग निवारण गर्न किसानहरुलाई केही मात्रामा विषादी उपलब्ध भइरहेको छ भने केही स्थानमा दातृ निकायको सहयोगमा केही समयको लागि "कामको लागि नगद" कार्यक्रम प्रारम्भ भइरहेको छ । हाल पुनस्थापन गर्नु पर्ने स्थानहरुको अध्ययन, उपयुक्त जमीनको खोजी गरी प्रतिवेदन उपलब्ध गराउन जिल्ला स्तरमा विपत् पीडित पुर्नवास कार्यविधि, २०७१ अनुसार प्राविधिक समिति निर्माण गरी कार्य प्रारम्भ गरिएको छ । यी यस्ता प्रयत्न भएको भए तापनि क्षति र प्रभावित संख्या अत्यधिक रहेको कारण अझै पनि धेरै कुराहरु सम्बोधन हुन बाँकी नै रहेको छ । पाँच हजार पीडित परिवारलाई व्यवस्थापन गर्न सक्ने क्षमताको आँकलन गरेर बसेको दैवी प्रकोप उद्धार समिति बर्दियालाई हालको प्रकोपसंग जुध्न व्यवस्थापकीय, साधन स्रोतजन्य अनेकन चुनौतीहरु रहेको अवस्था छ । उपलब्ध साधन स्रोत र क्षमताको अधिकतम उपयोग गरी सबै क्षेत्रको सहयोगमा पीडितहरुसम्म पुग्ने निरन्तर प्रयत्न अहिले पनि जारी रहेको छ । धेरै सकारात्मक कार्यहरु भएका छन् तापनि वास्तविकता भन्दा परका विषयले बढी चर्चा पाइरहेको विषय भने दुःखद रहेको छ ।

## २. बाढीको प्रभाव

- प्रारम्भिक आश्रयस्थल संख्याः ३८ वटा
- आश्रयस्थलमा रहेका जनसंख्याः करिब १९ हजार जना ।
- प्रभावित जनसंख्याः १ लाख ६५ हजार जना ।
- पूर्ण प्रभावित जनसंख्याः ९३ हजार १ सय ८९ जना ।
- सामान्य प्रभावित जनसंख्याः ७१ हजार ८ सय ११ जना

(ठूला आश्रयस्थल बाहेक पनि सानो सानो समूह र आफन्त कहाँ समेत हजारौ पीडितले आश्रय लिएका ।)

**पूर्ण प्रभावितहरुको विवरण**

| सि.नं. | गाविस/नपा | विस्तृत सर्वेक्षण | | | | जम्मा घर सं. | जम्मा जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूर्ण क्षति | | आंशिक क्षति | | | | |
| | | घर सं. | जनसंख्या | घर सं. | जनसंख्या | | | |
| 1 | गुलरिया नपा | 1681 | 8434 | 5633 | 27603 | 7314 | 36037 | |
| 2 | बनियाभार | 766 | 4221 | 1899 | 10357 | 2665 | 14578 | |
| 3 | बगनाहा | 374 | 2022 | 794 | 4498 | 1168 | 6520 | |
| 4 | मोहम्मदपुर | 265 | 1429 | 339 | 1919 | 604 | 3348 | |
| 5 | पदनाहा | 135 | 825 | 659 | 4165 | 794 | 4990 | |
| 6 | सोरहवा | 96 | 522 | 142 | 838 | 238 | 1360 | |
| 7 | नेउलापुर | 91 | 477 | 190 | 866 | 281 | 1343 | |
| 8 | मगरागाडी | 83 | 448 | 630 | 3588 | 713 | 4036 | |
| 9 | धधवार | 67 | 363 | 396 | 2249 | 463 | 2612 | |
| 10 | बेलवा | 66 | 288 | 39 | 152 | 105 | 440 | |
| 11 | शिवपुर | 64 | 353 | 160 | 881 | 224 | 1234 | |
| 12 | ठाकुरद्वारा | 61 | 409 | 292 | 1969 | 353 | 2378 | |
| 13 | सुर्यपटुवा | 46 | 286 | 875 | 5423 | 921 | 5709 | |
| 14 | राजापुर नपा | 37 | 172 | 815 | 4587 | 852 | 4759 | |
| 15 | जमुनी | 12 | 48 | 3 | 22 | 15 | 70 | |
| 16 | ढोढरी | 5 | 27 | 186 | 1176 | 191 | 1203 | |
| 17 | पाताभार | 3 | 21 | 143 | 767 | 146 | 788 | |
| 18 | डेउढाकला | 2 | 9 | 30 | 164 | 32 | 173 | |
| 19 | खैरीचन्दनपुर | 2 | 9 | 239 | 1339 | 241 | 1348 | |
| 20 | मोतिपुर | 1 | 5 | 27 | 119 | 28 | 124 | |
| 21 | मैनापोखर | 1 | 5 | 9 | 41 | 10 | 46 | |
| 22 | मनाउ | 1 | 3 | 5 | 28 | 6 | 31 | |
| 23 | कालिका | 0 | 0 | 12 | 62 | 12 | 62 | |
| जम्मा | | 3859 | 20376 | 13517 | 72813 | 17376 | 93189 | |

## ३. आपतकालीन उद्धारमा संलग्न जनशक्ति र निकाय

- नेपाल प्रहरीः ५६० जना
- सशस्त्र प्रहरीः २०७ जना
- नेपाली सेनाः १६० जना

(विभिन्न संघसस्था, राजनीतिकर्मी, क्लब, सर्बसाधारण समेत हजारौ संलग्न)

**उद्धार गरिएको जनसंख्याः १५३५० जना**

(हेलिकप्टरबाट ३५० जना समेत)

## ४. सनाखत भएका मृतक

| सि.न. | नाम | लिङ्ग | उमेर | ठेगाना | फेला परेको मिति |
|---|---|---|---|---|---|
| १ | शिव वि.क. | पु | १८ | गु.न.पा.२ | २०७१/४/३० |
| २ | जाकीर वागवान | पु | ३२ | बाँके मनिकापुर-८ | २०७१/४/३१ |
| ३ | वीर बहादुर वली | पु | २७ | बेलवा-७ चेपाङ्ग | २०७१/४/३१ |
| ४ | नरेन्द्र राइ | पु | २४ | बाराहापोखरी-२, खोटाङ्ग | २०७१/४/३१ |
| ५ | बलबहादुर खत्री | पु | ६० | गु.न.पा.-५ | २०७१/४/३१ |
| ६ | हर्कबहादुर सुनार | पु | ६५ | बनियाभार-४ | २०७१/४/३० |
| ७ | हुन्ना थारु | पु | ७३ | बनियाभार-२ | २०७१/४/३१ |
| ८ | तिते टमटा | पु | ६५ | बनियाभार-४ | २०७१/४/३१ |
| ९ | देउशर्म भण्डारी | पु | ७४ | बनियाभार-४ | २०७१/४/३१ |
| १० | विकास थारु | पु | ३ | बनियाभार-५ | २०७१/४/३१ |
| ११ | लालबहादुर तामाङ्ग | पु | ३५ | काभ्रे भकुण्डे (शिवपुर पोष्टमा कार्यरत जवान) | २०७१/५/६ |
| १२ | लिला थारु | पु | २६ | मगरागढी-५ | २०७१/४/३१ |
| १३ | देउकला गिरी | म | ५४ | बनियाभार-४ | २०७१/४/३० |
| १४ | काली सुनार | म | ५८ | बनियाभार-४ | २०७१/४/३० |
| १५ | पवित्रा वि.क. | म | ३८ | बेलवा-७ बाटुले | २०७१/५/४ |
| १६ | मनसरी खत्री | म | २० | गु.न.पा.-५ रामपुर | २०७१/५/५ |
| १७ | पूर्णिमा टमटा | म | ११ | बनियाभार-४ | ०७१/४/१२ |
| १८ | पूर्णिमा थारु | म | ३५ | बनियाभार-४ | २०७१/५/१४ |
| 19 | अमृत थारु | पु | ५ | बनियाभार ४ | २०७१/५/२८ |
| २० | गिता सार्की | म | २६ | गु.न.पा.५ रामपुर | २०७१/5/१ |

## ५. वेपत्ताहरुको विवरण

| सि.न. | वेपत्ता मिति | नाम थर | लिङ्ग | उमेर | ठेगाना |
|---|---|---|---|---|---|
| 1 | २०७१।४।२९ | विनोद वली | पुरुष(बालक) | ५ | बेलुवा ७ ख चेपाङ. |
| 2 | ,, ,, | कर्ण ब.वली | ,, ,, | १.५ | ,, ,, |
| 3 | ,, ,, | जनक बस्नेत | ,, ,, | १२ | ,, ,, |
| 4 | ,, ,, | कृष्ण परियार | ,, ,, | २ | ,, ,, |
| 5 | ,, ,, | गर्जित बि.क. | पुरुष | ४५ | ,, ,, |
| 6 | ,, ,, | यमुना परियार | महिला | २३ | ,, ,, |
| 7 | ,, ,, | महिमा वि.क. | ,, ,, | १८ | ,, ,, |
| 8 | ,, ,, | पुर्णमाया वली | ,, ,, | २३ | ,, ,, |
| 9 | २०७१।४।३० | टुछेन्द्र गिरी खत्री | ,, ,, | ४८ | गुनपा ५ रामपुर टपारा |
| 10 | ,, ,, | आईति खत्री | महिला | ५० | ,, ,, |
| 11 | ,, ,, | मन्जु खत्री | ,, ,, | ४ | ,, ,, |
| 12 | ,, ,, | काली थारु | बालिका | ३ | बनियाभार ४ |
| 13 | ,, ,, | कृष्ण परियार | पुरुष | ३५ | मानपुर टपरा ५बर्दिया |

## ६. शब प्राप्त भएको तर सनाखत हुन नसकेकाहरुको विवरण

| क्र.सं. | विवरण | किसिम | अ.उमेर | फेला परेको ठाउँ | मिति |
|---|---|---|---|---|---|
| 1 | नखुलेको | बालक | १० | बेलवा ७ बाटुले चेपाग | २०७१।४।३० |
| 2 | नखुलेको | बालक | २ | गु.न.पा.२ | २०७१।४।३१ |
| 3 | नखुलेको | पहिचान नभएको | | सोरहवा १ मानखोला | २०७१।४।३१ |
| 4 | नखुलेको | पुरुष | ३५ | बगनाहा १ चन्दनपुर सा.व. | ,, ,, |
| 5 | नखुलेको | बालिका | १२ | राजापुर नपा.२ दौलतपुर कर्णाली नदीको किनारामा | २०७१।५।१ |
| 6 | नखुलेको | पुरुष | १८ | गुनपा ५ रामपुर टपरा सामुदायिक वन | ,, ,, |
| 7 | नखुलेको | महिला | ४५ | ,, ,, | २०७१।५।२ |
| 8 | नखुलेको | महिला | १७ | ,, ,, | ,, ,, |
| 9 | नखुलेको | बालिका | १० | खैरिचन्दनपुर ६ कर्णाली नदीको किनारमा | २०७१।५।३ |
| 10 | नखुलेको | पुरुष | ६० | गु.न.पा. १० भादा,बाटिका सा.मु.वन नजिक | २०७१।५।४ |
| 11 | नखुलेको | पुरुष | ४५ | गु.न.पा. २ भादा नदिको किनारामा | ०७१।५।४ |
| 12 | नखुलेको | महिला | ४५ | गु.न.पा. ७ भादा नदीको किनारमा | २०७१।५।५ |

## ७.प्रारम्भिक राहत वितरण २०७१/४/३० देखि २०७१/५/१० सम्म

**सुख्खा खानाः**

- चिउराः ५११६६ केजी
- चाउचाउः १४०१ कार्टुन
- चिनीः १७५० केजी
- विस्कुटः ६१३ कार्टुन
- दालमोटः २०५१ पाकेट
- भुजाः ९७६ केजी
- पानीः २८४ कार्टुन
- फुरनदानाः ५० पाकेट
- मैनबत्तीः १००० गोटा
- सलाईः १००० गोटा
- अक्वा गार्डः २ कार्टुन

**खाद्यान्न**

- चामलः १७२९२४ केजी
- दालः ३६६६ केजी
- तेल १२८२९ ली.
- सोयाविन १३६ केजी
- नूनः १६६९ केजी
- तरकारीः १८२ केजी
- पिठोः ४ क्वी

(नेपाल सरकार, WFP, विभिन्न संघसस्था, उद्योगी, व्यापारी, सर्वसाधारण समेतको सहयोग प्राप्त भएको)

## ८. दोस्रो चरणको राहत वितरण २०७१/०५/११ देखि २०७१/०५/२४ सम्म

| सस्था/निकाय | खाद्यान्न/ नगद | परिमाण | कैफियत |
|---|---|---|---|
| **नेपाल सरकार** ७१५० जनसंख्या | खाद्यान्न | २८.५ मे.ट. | |
| **नेपाल सरकार** १६१८३ जनसंख्या | नगद | ४०४५७५०/- | प्रतिव्यक्ति २५०/-का दरले |
| **WFP** ५१९४७ जनसंख्या | खाद्यान्न | २५४.५४ मे.ट. | चामल, दाल, तेल र पिठो संलग्न रहेको |

## ९. तेस्रो चरणको राहत वितरण २०७१/५/२५ देखि २०७१/६/२१

**राहत रकम वितरणको मापदण्ड**

- १० दिनको खाद्यान्न तथा लत्ताकपडा बापत
  रु ५००+३५० गरी रु. ८५०/- प्रतिव्यक्ति
- पूर्णघर क्षति रु. ५०००/- प्रतिपरिवार
- आंशिक घरक्षति रु. ३०००/- प्रतिपरिवार
- मृतक/वेपत्ता रु. ४००००/- प्रतिव्यक्ति
  रु. १०००००/- प्रतिपरिवार

## १०. चौथो चरणको राहत वितरण २०७१/६/२२ देखि यता

- ३० दिनको खाद्यान्न बापत १५००/- प्रतिव्यक्ति
- चाडपर्व खर्च बापत ३०००/- प्रतिपरिवार

## ११. हालसम्म प्राप्त रकमः

| | |
|---|---|
| गृह मन्त्रालयबाटः | रु. ३३ करोड ९० लाख १४ हजार ४ सय ७८ मात्र । |
| दातृनिकाय, संघसस्था, दाताबाटः | रु. ४५ लाख ३८ हजार ३ सय ८८ । |
| **दुवै गरी जम्माः** | **रु. ३४ करोड ३५ लाख ५२ हजार ८ सय ६६ मात्र ।** |

**वितरित राहत रकम (गृह मन्त्रालय)**

| | | |
|---|---|---|
| पूर्ण घर क्षति | ३६५८ × ५०००/- | रु. १,८२,९०,०००/- |
| आंशिक घर क्षति | १२९५३ × ३०००/- | रु. ३,८८,५९,०००/- |
| खाद्यान्न/कपडा | ८९४५० × ८५०/- | रु. ७,६०,३२,५००/- |
| खाद्यान्न | १६१८३ × २५०/- | रु. ४०,४५,७५०/- |
| चाड पर्व खर्च | १६३४७ × ३०००/- | रु. ४,९०,४१,०००/- |
| खाद्यान्न | ८९१०२ × १५००/- | रु. १३,३६,५३,०००/- |
| मृतक/वेपत्ता परिवार २० व्यक्ति(१८+१२) | | रु. ३२,४०,०००/- |
| | **जम्मा** | **रु. ३२,३१,६७,२५०/-** |

## ८. गैरखाद्यबस्तु(NFRI) वितरणः

| सहयोगी सस्था/निकाय | उपलव्ध सामाग्री | सेट | कैफियत |
|---|---|---|---|
| DDRC | त्रिपाल | २४९१ थान | |
| नेपाल रेडक्रस सोसाइटी | नम्स अनुसार | ९१० | |
| कारितास नेपाल | ,, | ७८६ | |
| सेभ द चिल्ड्रेन | ,, | ९४७ | |

| | | | |
|---|---|---|---|
| केयर नेपाल | ,, | ४०१ | |
| युनाइटेड मिसन टु नेपाल | ,, | १०३ | |
| नेपाल युवा सस्था | ,, | १९९ | |
| आर आर एन | ,, | ३७४ | |
| प्लान नेपाल | ,, | ८३१ | |
| वल्ड भिजन | ,, | २९० | |
| हेल्प नेपाल नेटवर्क | ,, | ५५० | |
| LWF नेपाल | ,, | २५५ | |
| **जम्मा** | | **५६४६** | |

(पूर्णघर क्षति ३८५९ लाई वितरण भइसकेको तर विवरण आउन बाँकी)

## १२. खानेपानी तथा सरसफाई

| सस्था | वितरण सामाग्री | | |
|---|---|---|---|
| | एक्वा ट्याव्स | पियुस | हाइजिन किट |
| जि.स्वा.का. | १८७७० | ३२९ | ० |
| रेडक्रस/युनिसेफ | १९५००० | ० | ८३५ |
| केयर नेपाल | ० | ० | ४०१ |
| बेस बर्दिया | ० | ३००० | ० |
| अक्सफम/ फाया नेपाल | ० | १९६८ | ११६८ |
| जि.आई. जेड./जि.स्वा.का. | ० | ० | ८०४२ |
| **जम्मा** | **२६४२७०** | **६७२६** | **१०४४६** |

धाराहरुको कोलिफर्म परीक्षण २८

कोलिफर्म देखा परेको १४

## १३. स्वास्थ्य शिविर संचालनः

**स्वास्थ्य शिविर संख्याः-** **३७**

- नेपाल प्रहरीः- ३
- नेपाली सेनाः- १
- ADRA Nepal:- २
- नेपाल निजामती कर्मचारी युनियन १
- AmdaNepal:- ३
- ST. Xavier Student:- १
- Redcross:- २
- जिल्ला स्वास्थ्य कार्यालय एक्लैः- २४

**स्वास्थ्य शिविर संचालन भएका ठाउँहरु**

- सूर्यपटुवा - १
- ठाकुरद्वारा- २
- शिवपुर- १
- नेउलापुर- १
- बगनाहा- ४
- बनियाभार- ५
- पदनाहा- २
- मोहम्मदपुर- २

- गुलरिया-  १९

**जम्मा उपचार गरिएका (शिविरमा) विरामी संख्या- ९१३७ जना**

जिल्ला अस्पतालमा २०७१/०५/०१ देखि २०७१/०५/२९ गतेसम्म जम्मा रोगी संख्या-२७७१ जना बाढी प्रभावित क्षेत्रबाट-३१५ जना । स्वास्थ्य निकाय(जिल्ला अस्पताल समेत)हरुले आ-आफ्नो जिम्मेवारी क्षेत्रमा नियमित औषधोपचार अनुगमन, Observation भइरहेको । कुनै पनि किसिमको सरुवा/गम्भीर रोगको Out break नभएको । मौसमी विरामी, आंखा पाक्ने विमारीको केही प्रभाव देखिएको ।

# १४. भौतिक क्षति

**स्वास्थ्य तर्फः**

- जिल्ला अस्पताल, बगनाहा स्वास्थ्य चौकी, सुर्यपटुवा उपस्वास्थ्य चौकी र दौलतपुर स्वास्थ्य चौकीमा समेत गरी पूर्वाधार, सुक्ष्मदर्शक यन्त्र, औषधी र फर्निचर समेत गरी रु. ७ लाख ५५ हजार बराबरको क्षति ।

**पशुचौपायाः**

- चौपायाः २०५२ वटा, पंक्षिः १९८५३ वटा गरी जम्मा २१९०५ पशुपँक्षीको कूल क्षेति रु. ६ करोड ७६ लाख २६ हजार ७ सय ५०
- विरामी पशुचौपायाहरुको स्वास्थ्य परीक्षण भै रहेको ।

**सडकः**

**हुलाकी राजमार्ग तर्फः** मुर्तिहा-गुलरिया-बेलवाचोक(ढोढरी) भुरीगाउ सडक अन्तर्गत भएको क्षति ४ करोड ३५ लाख ।

**सडक डिभिजन तर्फः** नेपालगंज- गुलरिया, देउराली हर्रे खण्ड, पूर्वपश्चिम राजमार्ग, भूरीगाउ- कर्णाली खण्ड/ अम्रेनी- ठाकुरद्धारा सडक क्षेत्रमा भएको क्षति ६ करोड ७१ लाख

-मुर्तिहा-गुलरिया खण्डमा काम भै रहेको र गुलरिया- खैरापुर खण्डमा डाइभर्सन बनाउन स्रोत निकासाको लागि पहल भैरहेको ।

**सिंचाईः**

**बबई सिंचाई आयोजना बैदी तर्फ**

- पश्चिम सिंचाई प्रणाली अन्तर्गत दायातर्फको Guide bund, ढोढरी लिंक नहर, DS transition देखि Eelpout Crossing तर्फको मूल नहर क्षति भएको ।
- पूर्वी सिंचाई प्रणाली अन्तर्गत Afflux bund भत्की Concrete lining branch land secondary canal सेटलिंग वेसिनमा समेत क्षति भएको ।
- यी नहर सिष्टमलाई पुनर्स्थापना र निर्माण गर्न पश्चिमी प्रणाली तर्फ २० करोड र पूर्वी प्रणाली तर्फ ५ करोड गरी जम्मा २५ करोड लागत लाग्ने देखिने ।
- आयोजनाबाट २३५०० थान खाली सिमेन्ट बोरा तथा १३५ थान जाली उपलव्ध गराई गरी १०५०० जनाको जनश्रमदान समेतबाट नरहका विभिन्न ठाउको मर्मत कार्य भै रहेको ।
- पश्चिम नहर तर्फ मर्मत र नहर सुचारु गर्न एक्स्याभेटर ल्याउनका लागि प्रयत्न भै रहेको ।

**<u>म.प. सिंचाई विकास डिभिजन नं. २ कार्यालय बाँके</u>**

- बेलवा ७ बाटुले कुरु, डेउढाकला रेहुखोला, प्रतापपुर नेउलापुर, मोहनपुर-मढेला-भुट्कैया शिवपुर, गिठेनाला शिवपुर, सुर्यपटुवा, ठाकुरद्धारा भादनाला धधवारमा मुल नहरको चेनेज तथा बाढीले गर्दा पुगेको क्षति पुर्नः निर्माण गर्ने अनुमानित लागत रु. २ करोड ५ लाख लाग्ने ।

**<u>भूमिगत जलस्रोत विकास समिति नेपालगंज तर्फ</u>**

- गुलरिया १४५, दौलतपुर-२, राजापुर-३३, भिम्मापुर-१३, पाताभार-११, पदनाहा-२८ र बनियाभार-१७ गरी जम्मा २४९ स्यालोट्युववेलको प्रति स्यालोट्यूववेल रु. ४५०००/- को दरले जम्मा क्षति रकम रु. १ करोड १२ लाख ५ हजार ।

**जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय बाँके**

**<u>बबई नदी तर्फको क्षति</u>**

- बानियाभार, सानोश्री, पदनाहा गाविस तथा गुलरिया न.पा.का विभिन्न विभिन्न स्थानमा पुगेको क्षति पुर्नः निर्माण गर्ने अनुमानित लागत रु. १ अरब २० करोड लाग्ने ।

**<u>कर्णाली नदी तर्फ क्षति</u>**

- पाताभार, दौलतपुर, सुर्यपटुवा गा.वि.स.हरु तथा राजापुर न.पा.का विभिन्न स्थानमा भएको पर्ननिर्माण गर्न अनुमानित लागत रु. ६५ करोड ५५ लाख ।

**<u>संरचना तर्फ</u>**

- लट्कनिया, प्रयागपुर, रामपुर टापु, कुसुम्बाघाट लगायतका क्षतिको लागत रु. १ करोड ।

**<u>जमिन कटान तर्फ</u>**

- २५ विगाहा/अनुमानित लागत रु. ३ करोड ।

**कृषिः**

- ५६५३ हेक्टर क्षेत्रफलमा लगाएको धान, मकै, तरकारी, माछा लयातका खाद्य कृषिबाली क्षति न्यूनतम मुल्य अनुसार ४७ करोड १३ लाख ५२ हजार ।
- भण्डारण गरिएको विउविजन लगायतका खाद्यान्न क्षति रकम रु. ६३ करोड गरी जम्मा कुल क्षति रकम रु. १ अरब ८ करोड ।
- कृषि बालीमा रोग देखिएको हुदा तत्काल उपचारका लागि विषादी खरिद गरी छर्कन DDRC बाट रु. ५ लाख उपलव्ध गराइ विषादी छर्कने काम भै रहेको ।
- निक्षपित स्रोतबाट बीउबिजन तत्काल व्यवस्था गर्न निर्देशन भएको ।

**<u>स्थानीय पूर्वाधारः</u>**

सडक, कल्भर्ट लगायतका भौतिक संरचनाहरु गरेर जम्मा १० करोड क्षति भएको

- सडक सुचारुका लागि पदनाहा गाविसमा ह्यूमपाइपको व्यवस्था गरिएको । शिवपुर गाविसमा पोटेक्सन जालीबोरा उपलव्ध गराएको । राजापुर नपामा जल उपभोक्ता समितिको साधन प्रयोग गरी नपा मार्फत इन्धन आदि व्यवस्था गरी बाटो सूचारु गरिएको ।
- जब्दी र कुशुम्बा घाटमा घाटउत्राही बापत लाग्न राजस्व मिनाहा गरी आवागमन सहज रुपमा सुचारु गरिएको ।

**नगर क्षेत्रको पूर्वाधारः**

- सडक, कलभर्ट लगायतका भौतिक संरचनाहरुको क्षति ५ करोड ८५ लाख भएको ।

- गुलरिया-खैरापुर जाने बाइपास मर्मत गरी आवागमन सुचारु गरीएको ।

**वनक्षेत्र तर्फः**

- विभिन्न जातका  बाढी कटानमा परी ढलेको रुखको संख्या २६२९ परिमाण ६७४४५ घ.फि. न्यूनतम मूल्य अनुसार क्षति रकम २ करोड ५९ लाख १२ हजार ७ सय ५० ।
- घाटगादी गरी राखिएका विभिन्न जातका काठहरुको परिमाण ३७५९ घ.फि. न्यूनतम मुल्य अनुसार २० लाख ९९ हजार ४ सय ।
- बाढीले कटान भएको बन क्षेत्र ७६.४ हेक्टर

**शिक्षा तर्फः**

- ९५ वटा विद्यालय र ९५ वटै बालविकास केन्द्र क्षति पुगेको ।
- ३०६७६ विद्यार्थी प्रत्यक्ष प्रभावित। ३०६७६ विद्यार्थीहरुको पाठ्यपुस्तक, पोशाक, शैक्षिक सामाग्री क्षति भएको ।
- कूल शिक्षा तर्फको क्षेति ९ करोड ८४ लाख ६६ हजार ८ सय ।
- बालबालिकाको पोशाक र स्टेशनरी व्यवस्थाका लागि शिक्षकहरुबाट १ दिनको तलब उपलव्ध गराउन अनुरोध भएको ।
- दातृ सस्था युनिसेफ, सेभ द चिल्ड्रेन, प्लान नेपालसंग तत्काल सहयोगको प्रतिबद्धता प्राप्त भएको ।

**खानेपानी**

- विभिन्न पाइप तथा बोरिङहरुको क्षति रु ४९ लाख ।

**विद्युत तर्फ**

- पोल तार लगायतका विद्युत आपूर्तिका सामाग्रीहरुको क्षति रकम रु. २७ लाख ३ हजार ।
- सबै गाविस तथा नपाहरुमा विद्युत आपूर्ति सुचारु भएको ।

**सस्पेन्सन व्रिज तर्फ**

- झोलुङ्गे पुल कुसुम्बाघाट र चन्दनपुरको झोलुङ्गे पुल पूर्ण रुपमा ध्वस्त भएको । निर्माण लागत रु १ करोड ६८ लाख ६३ हजार ४ रुपया ३२ पैसा ।

**हालसम्मको कूल भौतिक क्षति ३ अरब ७६ करोड ६९ लाख ८३ हजार ७ सय ४ रुपैया ३२ पैसा ।**

केही Cluster हरुले Response plane बनाई साधन, स्रोतको आंकलन गरी कार्यान्वयन थालिएको छ भने केही Cluster को Response plane तयार हुने क्रममा रहेको ।

## १५. चुनौतीहरु

- **गैरखाद्य सामाग्रीको अपर्याप्तताः**

  प्रभावबाट बर्दियामा ३८५९ घरहरु पूर्ण रुपमा क्षति भएको, खाद्यान्न, लत्ताकपडा भाडावर्तन क्षति भएको, आंशिक क्षति भएका १७३७६ घरहरुको पनि घरको छानासम्म रहेको तर खाद्यान्न, लत्ताकपडा भाडावर्तन क्षति भएको अवस्था हुदाँ त्रिपाल (पूर्ण क्षतिलाई मात्र दिइने) बाहेक दुवै किसिमका घर क्षति भएका परिवारलाई गैरखाद्य र खाद्य सामाग्री उपलव्ध गराउनु पर्ने हुन्छ । हाल ३८६९ पूर्ण क्षति घरलाई गैरखाद्य सामाग्री वितरण भएको छ । बाँकी आंशिक क्षति १७३७६ घरपरिवारलाई उपलव्ध गराउनु पर्ने हुन्छ । तर पर्याप्त स्रोत जुट्न सकेको छैन ।

- **जीवन निर्वाहः**
  ९३१८३ जनसंख्यालाई हालसम्म विभिन्न चरणमा खाद्यान्न/ रकम उपलव्ध भए पनि नयाँ फसल तयार नहुञ्जेल यति ठूलो जनसंख्यालाई खाद्यान्नको संवोधन के कसरी, कुन स्रोतबाट गर्ने भन्ने चुनौती विद्यमान छ ।
- **पूर्वाधार निर्माणः**
  अरबौको पूर्वाधार/भौतिक क्षति भएको विषयलाई संबोधन गर्नु जरुरी छ । यसतर्फ हाल ज्यादै सीमित मात्रामा काम भएको छ । बजेट भाषणमा उल्लेख भए अनुसार सभासदहरुको संयन्त्रले भौतिक निर्माण तर्फको योजना छनोट गर्ने भए पनि त्यसको कार्यविधि अझैसम्म तयार नभएको र स्थानीय विकास मन्त्रालयले कुनै आपतकालीन नीति तय नगरेको अवस्थामा स्थानीय निकायको स्रोत परिचालन हुन सकेको छैन । सिंचाईतर्फ ठूलो क्षति पुगी आसन्न बालीलाई समेत असर पुगेको छ । पुल, पुलेसा, तटबन्ध आदिलाई तुरुन्त सम्बोधन गर्न जरुरी देखिएको छ ।
- **पुनर्वास/पुनस्थापनाः**
  बाढीबाट केही बस्तीहरुमा क्षति पुगी पुन त्यही स्थानमा पुनस्थापित गर्न जोखिम युक्त रहेको छ । तर अन्यत्र पुनस्थापन गर्न जिल्लामा उपयुक्त जमीनको अभाव रहेको कारण यो विषय चुनौती पूर्ण देखिन्छ ।
- **भूमिहीन समस्याः**
  हाल क्षति भएका घरहरु मध्ये ठूलो संख्यामा भूमिहीनहरुका घरहरु पर्दछन् । ती व्यक्तिहरु भूमिहीन हुन्, होइनन भनी एकीन गर्ने, जग्गा उपलव्ध गराउने कार्य सुकुम्बासी समस्या समाधान आयोगको हो । यसरी एकीन भई जग्गा प्राप्त भएपछि मात्र पुनस्थापन/ पुनर्वासको कार्य अगाडि बढ्न सक्ने हुँदा यसले लामो समय लिन सक्दछ ।

## १६. अब गर्नुपर्नेः

- **रोजगारी सृजनाः**
  पूर्ण प्रभावित ९३१८३ जनसंख्यालाई केही समय खाद्यान्न, गैरखाद्यवस्तु समेत सहयोग गर्नु पर्ने अवस्था छ । यी पीडितलाई खाद्यान्न वितरण गर्दा संचालन खर्च बढ्ने तथा हैसियत भएका व्यक्तिले समेत राहतमा दावी गर्न सक्ने देखिन्छ । "कामको लागि खाद्यान्न" वा "कामको लागि नगद" कार्यक्रम सञ्चालन गर्दा त्यस्ता व्यक्ति छानिने, वास्तविक पीडित मात्र काममा संलग्न हुने, यस क्रममा उक्त संख्या निकै घट्न सक्ने हुन आउँछ र बास्तविक पीडित, गरीब मानिसहरुसंग पुग्न सहज हुने र केही पूर्वाधार समेत निर्माण हुन सक्दछ ।
- **मल, बीउ प्रविधिको उपलव्धताः**
  अन्न भण्डारको रुपमा चिनिएको बर्दियामा हालको प्रकोपबाट बाली समेतमा ठूलो क्षति पुगेको छ । खेत पटान, कटान भएको छ । यस अवस्थामा किसानलाई मल, बीउमा सहयोग प्राप्त भएमा धान, मकैमा भएको क्षतिको परिपूरण हिउँदे खेतीबाट हुन सक्दछ । साथै पटान भएको क्षेत्रमा के कुन प्रविधिको प्रयोग गरेर कुन किसिमको खेती (बदाम, तरबुजा आदि) हुन सक्दछ भन्ने जानकारी दिई त्यस्तो जमीनको समेत उपयोग हुनु जरुरी छ ।

- **आवास, कृषि, पशुधनमा सहुलितपूर्ण ऋणः**
  सहकारी वा कुनै वित्तीय निकायबाट पीडितलाई सहुलियत पूर्ण ऋण उपलव्ध भएमा आवास निर्माणमा सहयोग पुग्न जाने कृषि, पशुधनमा लगानी गरी छिटो प्रतिफल लिन सक्ने, तरकारी खेतीबाट आम्दानी हुनसक्ने भई प्रकोपको प्रभाव न्यूनीकरणमा टेवा पुग्नसक्ने देखिन्छ ।
- **पूर्वाधार निर्माणः**
  ठूलो मात्रामा भौतिक पूर्वाधारमा क्षति पुगेको हुँदा नियमित र सानो रकमबाट परिपूरण हुन नसक्ने हुँदा विशेष कार्यक्रम मार्फत् आवश्यक रुपमा पूर्वाधार निर्माणको थालनी हुनुपर्ने ।
- **पुनर्वास/पुनस्थापनाः**
  यो क्षेत्र जति नै समस्थाग्रस्त भए पनि सम्वोधन हुन जरुरी छ । सुकुम्बासी समस्या समाधान आयोगलाई समेत क्रियाशील बनाई भूमिहीनको समस्या समाधान हुनुपर्ने । जमीन अभाव भएकोले यसको बैकल्पिक व्यवस्था (खरीद, अन्य जिल्लामा स्थानान्तरण आदि) हुनुपर्ने ।
- **नदी नियन्त्रणः**
  नदी नियन्त्रण कार्य आवश्यक र अत्यन्त खर्चिलो छ । JICA बाट Master Plan तयार भएको पनि बुझिन्छ । यसको लागि अति आवश्यक स्थानमा मात्र Structure बनाई अन्य स्थानमा स्थानीय प्रविधि र जनसहभागितालाई परिचालन गर्दा सहज हुने देखिन्छ ।
- **तटीय क्षेत्रको संरक्षण/ आवास नीतिः**
  नदी क्षेत्रमा हुने अतिक्रमण रोक्ने, नदीतटबाट निश्चित दूरीसम्म घर निर्माणमा रोक लगाउने, जोखिम युक्त स्थानमा वसोबास निषेध गर्ने जस्ता नीति बनाई क्रमश लागु गर्ने व्यवस्था समेत हुन जरुरी देखिन्छ ।

## १७. सिकाईः

हालको बाढीको अत्यधिक प्रकोपलाई न्यूनीकरण गर्ने सम्बन्धमा केही पृष्ठपोषण, सिकाइ पनि प्राप्त भएका छन् । भोलिको दिनमा देहायका सिकाइलाई पनि मध्यनजर गरी विपत् पूर्व तयारी एवम् प्रतिकार्य योजना तर्जुमा हुनुपर्ने देखिन्छ ।

- **व्यवस्थापकीय सहयोगको व्यवस्थाः**
  जिल्लाको क्षमता भन्दा बढी मात्रामा हुने यस्ता विपतहरुमा तालुक निकायहरुले तुरुन्त व्यवस्थापकीय सहयोग पुर्याउनु जरुरी देखिन्छ । बर्दियाको सन्दर्भमा ५००० परिवारलाई विपतको अवस्थामा संवोधन गर्न सकिने गरी योजना तर्जुमा भएको तर १७३७६ घरपरिवार पूर्ण प्रभावित भएको कारण प्रारम्भमा व्यवस्थापनमा ज्यादै असहज अनुभव भयो । यसले गर्दा उपयुक्त समयमा उचित निर्णय गर्न, प्रभावित स्थलसम्म पुग्न, राहत वितरण कार्य व्यवस्थित र छोटो छरितो बनाउन, समयमै निर्विवाद तथ्याङ्क संकलन गर्न समेत सहज बन्न सकेन ।
- **उद्धार सामाग्री/ तालीमको पर्याप्त व्यवस्थाः**
  विपतको घडीमा उद्धार कार्य कठिन भयो । सामाग्री पर्याप्त भएन । तालीम प्राप्त जनशक्तिको अभाव खड्कियो । यसमा नेपाली सेना वा सशस्त्रलाई उद्धार कार्यको पूर्ण जिम्मेवारी दिई त्यही निकायको नेतृत्वमा अरु परिचालित हुने व्यवस्था गर्न जरुरी देखिन्छ । त्यस्तो जिम्मेवार निकायलाई स्रोतसाधन, पर्याप्त तालिम, क्षेत्रीय तहमा हेलिकोप्टरको उपलव्धता, केही उद्धार

सामाग्रीहरु जोखिमयुक्त स्थानसम्म तुरुन्त पुग्न सक्ने गरी मौजूद राख्ने, उद्धारमा खटिने जनशक्तिलाई खानाको व्यवस्था समेत गर्नु आवश्यक देखिन्छ ।

- **Data Base तयारीः**
  विपतको समयमा यथार्थ तथ्याङ्क समयमै प्राप्त गर्न कठिन हुने अवस्था देखियो । एकैपरिवारका व्यक्तिले अलग अलग परिवार, घर संख्या देखाउने, परिवार संख्या बढाएर लेखाउने गर्दा तथ्याङ्क भरपर्दो र विश्वसनीय नहुने, छिटो Data Base तयार नभएमा राहत, पुनर्लाभका गतिविधि संचालन गर्न ढिलाई भई पीडित झनै पीडित बन्ने स्थिति रहन्छ । बर्दियामा यसपटक तथ्याङ्क तयार गर्न झण्डै १४ दिन लागेको, छूट तथ्याङ्क समेत लिई प्रशोधन गर्दा १७/१८ दिन लाग्न गएको अवस्थामा रह्यो । यसलाई व्यवस्थित गर्न स्थानीय निकायहरुले Software तयार गरी तथ्याङ्क व्यवस्थित गर्ने, घरमूली, परिवार संख्या, नामनामेसी, घरको किसिम, क्षेत्रफल, पशुधन जस्ता सूचनाहरु तयार गर्ने, सालिन्दा परिमार्जन गर्ने व्यवस्था भएमा यो तथ्याङ्क अन्य योजना निर्माणमा सहयोगी बन्ने र विपतको अवस्थामा पनि मूल तथ्याङ्कलाई आधार लिई स्थलगत अध्ययनबाट लिइएको तथ्याङ्कलाई प्रशोधन गरी आवश्यक तथ्याङ्क निर्माण गर्ने कार्य भएमा विपत् व्यवस्थापनमा अत्यन्त सहज हुने देखिन्छ । यस्तो भएमा बढीमा ३ दिन भित्र विपत् प्रभावित तथ्याङ्क संकलन/ प्रशोधन हुन सक्ने देखिन्छ ।
- **नीति, निर्देशन/ रकमको शीघ्र व्यवस्थाः**
  विपतको समयमा नियमित प्रक्रिया अवलम्वन गर्न कठिन हुने, प्रचलित नीति अनुसार कार्य गर्न असहज हुने, कतिपय द्विविधामा स्पष्ट र शीघ्र निर्देशन प्राप्त नहुँदा अन्योल सृजना भई उद्धार राहत कार्य निष्प्रभावी हुने देखिन्छ । मुख्यतः पूर्वाधार निर्माणतर्फ सानो, सानो रकम खर्च गर्न पनि नसकिने अवस्थाले गर्दा राज्यप्रतिको दृष्टिकोण राम्रो नबन्ने देखिन्छ । पूर्वाधार तर्फको लामो प्रक्रियालाई सहज/ सरल बनाई तालुक निकायबाट तुरुन्त स्पष्ट निर्देशन र रकम व्यवस्था हुनु उपयुक्त देखिन्छ भने पूर्वाधार निर्माण ( साना, तिना मर्मत संभार) तर्फको लागि जिल्ला दैवी प्रकोप उद्धार समिति वा जिल्ला विकास समितिमा तुरुन्त रकम व्यवस्था भएमा आपतकालीन अवस्थामा प्रभावकारी कार्य गर्न सकिने देखिन्छ । यसै गरी स्थानीय निकायको बजेट तुरुन्त खर्च गर्न सकिने नीति, कार्यविधिको पनि आवश्यकता देखिएको छ ।

# १८. जिल्ला दैवी प्रकोप उद्धार समितिबाट खरिद भै भुक्तानी गरिएको रकम विवरण

| L;=G+= | KMD{SF] GFD | &]UFGF | E"QMFGL UL/PSF] /SD | ;FDFGSF] GFD | S}LKMOT |
|---|---|---|---|---|---|
| 1 | GO' AFNFHL KNFLI^S PBF]U | GJNK/F;L | 370,913.00 | LQKFN | LHNNF B}JL K|SF]K PSF/ ;LDLTSF] V 6 VFTFAF^ E"QMFGL |
| 2 | DF?TL GGBG P)* ;KNFO;{ | G]KFNU+H | 650,992.00 | TOF/L VFBFGG | |
| 3 | ZDF{ KNFLI^S ZF]?D | G]KFNU+H | 602,580.00 | LQKFN | |
| 4 | >]I& KNFLI^S :^F];{ | LRTJG | 462,165.00 | LQKFN | |
| 5 | GO' E]/L LS/FGF K;N | /FHFK"/ | 962,261.0 | VFBFGG | |
| 6 | WFDL HG/N :^F]/ | KFTFEF/ | 34,188.0 | VFBFGG | |
| 7 | G]KFN VFB ;+:YFG | /FHFK"/ | 1,039,312.0 | VFBFGG | |
| 8 | ?K]Z ^|N]*;{ | U"NL/OF | 49,688.0 | TOF/L VFBFGG | |
| 9 | LBIFF HG/N :^F]/ | U"NL/OF | 14,740.0 | TOF/L VFBFGG | |
| 10 | GO' DF AFU]ZJ/L ;KNFO;{ | U"NL/OF | 8,600.0 | VFBFGG | |
| 11 | S]=KL= :^F];{ | U"NL/OF | 46,550.0 | VFBFGG | |
| 12 | !JFNL KNFLI^S P)* KMLG{L;*= | U"NL/OF | 4,427.0 | U}/VFB J:T" | |
| | HDDF | | 4,246,416.0 | | |
| 13 | CDA]ZJ/L ^]|N*;{ XFP; | G]KFNU+H | 81,538.0 | ;"VVF VFGF | B}JL K|SF]K /FXT SF]IFAF^ E"QMFGL |
| 14 | DI^F OG/VG]ZGN K|F=LN= | G]KFNU+H | 149,470.0 | ;"VVF VFGF | |
| 15 | LBKF LS/FGF K;N | U"NL/OF | 217,520.0 | VFBFGG | |
| 16 | NDH"*= LS/FGF :^F]/ | ;FGF]>L | 32,455.0 | ;"VVF VFGF | |
| 17 | U)F]Z E"HF PBF]U | ;FGF]>L | 54,132.0 | ;"VVF VFGF | |
| 18 | UL/DF VFB TYF LS/FGF K;N | ;FGF]>L | 204,830.0 | ;"VVF VFGF | |
| 19 | CF]NL LS/FGF P)* VFB E)*F/ | ;FGF]>L | 159,277.0 | ;"VVF VFGF | |
| 20 | CK:/F ^|N]*;{ | ;FGF]>L | 406,418.0 | VFBFGG | |
| 21 | !JFNL HG/N :^F]/ | U"NL/OF | 15,530.0 | ;"VVF VFGF | |
| 22 | LJ)F" !JFNL LS/FGF K;N | DU/FU(L | 33,244.0 | VFBFGG | |
| 23 | SFKM\N] LS/FGF TYF UNNF VL/B LALS\| S]GB\| | DU/FU(L | 110,275.0 | VFBFGG | |
| 24 | GO' E^VVFO{ LS/FGF K;N | DU/FU(L | 5,800.0 | VFBFGG | |
| 25 | DL)F LS/FGF K;N | U"NL/OF | 32,665.0 | VFBFGG | |
| 26 | AFU]ZJ/L VFB PBF]U | U"NL/OF | 71,250.0 | VFBFGG | |
| 27 | /]UDL HG/N :^F]/ | U"NL/OF | 8,250.0 | VFBFGG | |
| 28 | P;=LA= LS/FGF K;N | ;FGF]>L | 14,282.0 | VFBFGG | |
| 29 | KBD VFB VL/B LALS\| S]GB\| | ;FGF]>L | 6,000.0 | VFBFGG | |
| 30 | S)FF{NL HG/N :^F]/ | E"/LUFP | 10,535.0 | VFBFGG | |
| 31 | LDG]ZJ/L /FO{; P)* CFON LDN | AUGFX | 42,000.0 | VFBFGG | |
| 32 | BLKF ^|N]*;{ | G]KFNU+H | 50,291.0 | TOF/L VFBFGG | |
| 33 | LZJZLQM /FO; LDN | DF]XDDBK"/ | 9,000.0 | VFBFGG | |
| 34 | AFU]ZJ/L VFB PBF]U | U"NL/OF | 11,400.0 | VFBFGG | |
| 35 | ;FKSF]^F HG/N :^F]/ | SFLNSF | 13,605.0 | TOF/L VFBFGG | |
| 36 | E";FN LS/FGF K;N | SFLNSF | 59,325.0 | TOF/L VFBFGG | |
| 37 | (SFN LS/FGF K;N | SFLNSF | 8,340.0 | TOF/L VFBFGG | |
| 38 | XL/CF]D HG/N :^F]/ | V}/LRGBGK'/ | 1,025.0 | ;"VVF VFGF | |
| 39 | AIFF{ ;KNFO;{ | DFGK'/^K/F | 9,217.0 | ;"VVF VFGF | |

| | | | | | |
|---|---|---|---|---|---|
| 40 | ;FDGF HG/N :^F]/ | V}/LRGBGK'/ | 656.0 | ;"VVF VFGF | |
| 41 | L;UB]N HG/N :^F]/ | V}/LRGBGK'/ | 5,615.0 | ;"VVF VFGF | |
| | HDDF | | 1,823,945.0 | | |
| | B"J} U/L S"N HDDF | | 6,070,361.0 | | |

# १९. नगद तथा बस्तुगत सहायता प्राप्तितर्फको विवरण

| क्र.सं. | नगद तर्फ | | जिन्सी तर्फ | |
|---|---|---|---|---|
| | दाताको नाम | रकम रु. | दाताको नाम | विवरण |
| १ | सामुदायीक बन उपभोक्ता महासंघ | २०००० | सूनचाँदी व्यवसायी संघ | चामल १५००केजी, दाल १५० केजी, नून४०० केजी |
| २ | विकास आयोजना सेवा केन्द्र डिप्रोक्स | २००००० | चाइना लंग फूड | चामल २२५०केजी, दाल ४५० केजी, तेल १०० ली., नून४०० केजी |
| ३ | यूनिक नेपाल बर्दिया | १०१००० | विश्व खाद्य कार्यक्रम | चामल २००००केजी |
| ४ | सामाजिक सचेतना केन्द्र सरोकार मञ्च नेपालगंज | २५००० | जेष्ठ नागरिक सेवा समिति | चामल १००केजी |
| ५ | कर्मचारी मिलन केन्द्र बर्दिया | २५००० | मुक्तिनारायण भादाघाट | चामल १००केजी |
| ६ | विरबहादुर शाह | ५००० | पाथ्थर एकता समिति | १८ क्वी. चामल, ८० पोका तेल, ८० पोका नून, २५ केजी सोयाविन, |
| ७ | गोपालप्रसाद निरौला | १००० | | |
| ८ | सेभ द चिल्ड्रेन | १००००० | एशियन स्रोत विकास केन्द्र | ४० क्वी. चामल, १० क्वी. दाल, २०० ली. तेल, २०० केजी नुन, ४०० केजी पिठो |
| ९ | प्याराडाइज इन्टरनेश्नल  प्रा.लि काठमाण्डौ | १५१००० | बगनाहाका स्थानीय | १२ क्वी. चामल |
| १० | प्लान नेपाल | २००००० | मैनापोखरका स्थानीय | १३.७८ क्वी. चामल र १ क्वी. आलु |
| ११ | गोविन्द प्रसाद उपाध्याय | १००५ | ईसाइ र उत्सब सस्थाबाट | १५८ क्वी. चामल, ४ क्वी दाल, २ क्वी नुन, २०० ली. तेल |
| १२ | हेफर इन्दरनेस्नल ललितपुर | १५०००० | सेभ द चिल्ड्रेन सस्था | ९०० सेट गैर खाद्य सामाग्री, २५ सेट बेबी किट र महिलाको लागि मेक्सीचप्पल |
| १३ | कमैया महिला जागरण समाज बर्दिया | १००००० | जर्मनसंस्था जि.आई.जेड | बर्थिङ्ग सेन्दटरका लागि इक्युपमेन्ट सहयोग र इमेर्जेन्सी स्यानिटेसन किट ८५०० सेट गरी ३८ लाख ६० हजार २८० बराबरको सहयोग |
| १४ | फियान नेपाल | ३०००० | युनिसेफ | झुल १ हजार |
| १५ | क्षेत्रीय प्रहरी कार्यालय सुर्खेत | २५१०० | नेपाल युथ फाउण्डेशन नेपाल ललितपुर | २१६ सेट भाडाकुडा |
| १६ | जिल्ला प्रशासन कार्यालय अछाम | १५२४९ | बेश बर्दिया(आड्रा नेपाल) | २२८०० ली पानी, ३४२० केजी चामल, ५७० केजी दाल, २१५ ली तेल, ४२३ केजी नून, ३८० प्याकेट चिटो |
| १७ | लुथन फेडरेशन (DDRF) | १२५००० | कृष्ण प्रणामी सस्था | १७ क्वी. चामल दाल नून तेल |

| | | | | |
|---|---|---|---|---|
| १८ | सुर्य नेपाल प्रा.लि. तथा परिवार बारा | १४६६०० | कारितास नेपाल बर्दिया | ५९१ घरधुरीको लागि प्याकेजमा आवास सामाग्री र किचन सामाग्री |
| १९ | सिमरा नगरवासीहरु बारा | ५२८०० | प्लान नेपाल | ब्याङ्केट १७०० थान, झुल-९२६ थान, तार्पोलिन सिट-१०००, सिलिपिङ मेट्रेस-१००० थान |
| २० | मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र काठमाण्डौ | ५१००० | | |
| २१ | वन पैदावार उद्योग व्यवसायी संघ बर्दिया | २५५०० | | |
| २२ | राधाकृष्ण थारु जनसेवा केन्द्र | ११०००० | | |
| २३ | बर्दिया जिल्ला अदालत | २०६७० | | |
| २४ | वनवारीलाल मित्तल | ३१००० | | |
| २५ | हरि गजुरेल | १५००० | | |
| २६ | नेपाल कम्युनिष्ट पार्टी एमाले केन्द्रिय कार्यालय काठमाण्डौ | १०००००० | | |
| २७ | बर्दिया गुलरिया सामुदायिक विकास परियोजना | १००००० | | |
| २८ | केयर नेपाल नेपालगंज | १००००० | | |
| २९ | राजराजेश्वरी शाहा | १००० | | |
| ३० | कृषि विकास कार्यालय बर्दिया | २५८९६ | | |
| ३१ | अपरिचित समुह | १००००० | | |
| ३२ | एक प्रिय उमावि | १६५९६ | | |
| ३३ | नेपाल राष्ट्रिय मावि | ७३६३ | | |
| ३४ | पूर्णहरी मावि | ७१९९ | | |
| ३५ | रामप्रसाद चौधरी | ५८६२ | | |
| ३६ | अपरिचित व्यक्ति | १४६८५ | | |
| ३७ | सरोज कुमार गौतम | १२८०६ | | |
| ३८ | जिल्ला वन कार्यालय बर्दिया | ५७२५१ | | |
| ३९ | अंशुवर्मा उमावि मगरागाडी | १२८०६ | | |
| | **जम्मा** | ४५३८३८८ | | |

# २०. हालसम्मको राहत रकम वितरण विवरण

| क्र.सं. | गाविस/नपा | पूर्ण घर क्षति | | आंशिक घर क्षति | | खाद्यान्न वापत २५० | | लुगाकपडा बापत रु. ५००/- र खाना रु. ३५० गरी प्रति व्यक्ति रु. ८५० ले | | घर संख्या | परिवार संख्या | पर्व खर्च ३०००/- | खाद्यान्न वापत प्रतिव्यक्ति १५००/- | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | जनसंख्या | रकम | जनसंख्या | रकम | | | | | | |
| 1 | गुलरिया नपा | 1614 | 8070000 | 4988 | 14964000 | 16183 | 4045750 | 33055 | 28096750 | 6472 | 33318 | 19416000 | 49977000 | 124575500 | |
| 2 | बनियाभार | 752 | 3760000 | 1837 | 5511000 | 0 | 0 | 14253 | 12115050 | 2589 | 14226 | 7767000 | 21339000 | 50492050 | |
| 3 | बगनाहा | 372 | 1860000 | 790 | 2370000 | 0 | 0 | 6431 | 5466350 | 1166 | 6442 | 3498000 | 9663000 | 22857350 | |
| 4 | मोहम्मदपुर | 144 | 720000 | 494 | 1482000 | 0 | 0 | 3631 | 3086350 | 644 | 3715 | 1932000 | 5572500 | 12792850 | |
| 5 | पदनाहा | 142 | 710000 | 721 | 2163000 | 0 | 0 | 5356 | 4552600 | 863 | 5372 | 2589000 | 8058000 | 18072600 | |
| 6 | सोरहवा | 96 | 480000 | 139 | 417000 | 0 | 0 | 1295 | 1100750 | 235 | 1294 | 705000 | 1941000 | 4643750 | |
| 7 | नेउलापुर | 93 | 465000 | 188 | 564000 | 0 | 0 | 1344 | 1142400 | 155 | 768 | 465000 | 1152000 | 3788400 | |
| 8 | मगरागाडी | 82 | 410000 | 612 | 1836000 | 0 | 0 | 4011 | 3409350 | 709 | 4011 | 2127000 | 6016500 | 13798850 | |
| 9 | धधवार | 66 | 330000 | 384 | 1152000 | 0 | 0 | 2549 | 2166650 | 442 | 2513 | 1326000 | 3769500 | 8744150 | |
| 10 | बेलवा | 65 | 325000 | 38 | 114000 | 0 | 0 | 398 | 338300 | 103 | 392 | 309000 | 588000 | 1674300 | |
| 11 | शिवपुर | 63 | 315000 | 156 | 468000 | 0 | 0 | 1270 | 1079500 | 217 | 1270 | 651000 | 1905000 | 4418500 | |
| 12 | ठाकुरद्धारा | 63 | 315000 | 277 | 831000 | 0 | 0 | 1906 | 1620100 | 357 | 1906 | 1071000 | 2859000 | 6696100 | |
| 13 | सुर्यपटुवा | 45 | 225000 | 877 | 2631000 | 0 | 0 | 5770 | 4904500 | 924 | 5732 | 2772000 | 8598000 | 19130500 | |
| 14 | राजापुर नपा | 36 | 180000 | 809 | 2427000 | 0 | 0 | 4621 | 3927850 | 827 | 4595 | 2481000 | 6892500 | 15908350 | |
| 15 | जमुनी | 12 | 60000 | 3 | 9000 | 0 | 0 | 64 | 54400 | 28 | 64 | 84000 | 96000 | 303400 | |
| 16 | ढोढरी | 3 | 15000 | 182 | 546000 | 0 | 0 | 1160 | 986000 | 181 | 1153 | 543000 | 1729500 | 3819500 | |
| 17 | पाताभार | 3 | 15000 | 143 | 429000 | 0 | 0 | 788 | 669800 | 146 | 788 | 438000 | 1182000 | 2733800 | |
| 18 | खैरीचन्दनपुर | 2 | 10000 | 234 | 702000 | 0 | 0 | 1314 | 1116900 | 235 | 1309 | 705000 | 1963500 | 4497400 | |
| 19 | डेउढाकला | 2 | 10000 | 30 | 90000 | 0 | 0 | 0 | 0 | | | 0 | 0 | 100000 | |
| 20 | मनाउ | 1 | 5000 | 5 | 15000 | 0 | 0 | 31 | 26350 | 6 | 31 | 18000 | 46500 | 110850 | |
| 21 | मैनापोखर | 1 | 5000 | 9 | 27000 | 0 | 0 | 42 | 35700 | 10 | 42 | 30000 | 63000 | 160700 | |
| 22 | मोतिपुर | 1 | 5000 | 25 | 75000 | 0 | 0 | 110 | 93500 | 26 | 110 | 78000 | 165000 | 416500 | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 23 | कालिका | 0 | 0 | 12 | 36000 | 0 | 0 | 51 | 43350 | 12 | 51 | 36000 | 76500 | 191850 | |
| जम्मा | | 3658 | 18290000 | 12953 | 38859000 | 16183 | 4045750 | 89450 | 76032500 | 16347 | 89102 | 49041000 | 133653000 | 319927250 | |

## २१. मृतक/ वेपत्ता राहत रकम वितरण

| गाविस/नपा | मृतक संख्या | वेपत्ता संख्या | जम्मा व्यक्ति संख्या | परिवार संख्या | प्रति व्यक्ति ४००००/- | प्रति परिवार १०००००/- | जन्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| बानियाभार | १० | 1 | ११ | 7 | 440000 | 700000 | 1140000 | |
| बेलवा | 2 | 8 | १० | 5 | 400000 | 500000 | 900000 | |
| मगरागाडी | 1 | 0 | १ | 1 | 40000 | 100000 | 140000 | |
| गुलरिया | 4 | 3 | ७ | 5 | 280000 | 500000 | 780000 | |
| सोरहवा | 1 | 0 | १ | 1 | 40000 | 100000 | 140000 | |
| राजापुर न.पा.१४ | 0 | 1 | 1 | 1 | 40000 | 100000 | 140000 | |
| जम्मा | 18 | 13 | 31 | 20 | 1240000 | 2000000 | 3240000 | |

- समाप्त -